बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ३ संख्याः ९ मितिः२०७९/०१/०४

भाग -२

## बर्जु गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बर्जु गाउँपालिकाको लेखा समितिको (कार्यसञ्चालन) नियमावली, २०७९**

# लेखा समितिको कार्यसञ्चालन नियमावली, २०७९

**स्वीकृत मितिः २०७८।१२।१७ गते**

**प्रमाणीकरण मितिः २०७८।१२।२०**

पृष्ठभूमि :

बर्जु गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँ सभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान रहे बमोजिम लेखा समितिको कार्य सञ्चालन नियमावली बनाउने जिम्मेवारी गाउँकार्यपालिकालाई प्रदान भए बमोजिम कार्यपालिकाको वैठकबाट स्वीकृत गरि यो नियमावली लागु गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यो नियमावलीको नाम लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७९रहने छ ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा**

१) “गाउँपालिका” भन्नाले बर्जु गाउँपालिका सम्झनु पर्छ ।

२) “नियमावली” भन्नाले लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७८ लाई सम्झनु पर्दछ ।

३) कार्यालय भन्नाले बर्जु गाउँ कार्यपालिकाको कार्यालय र  वडा कार्यालयहरु समेत सम्झनुपर्दछ ।

४) समिति भन्नाले बजु गाउँ सभाबाट गठित लेखा समितिलाई जनाउछ ।

५) “प्रमुख” भन्नाले बर्जु गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

६) “उपप्रमुख” भन्नाले बर्जु गाउँ कार्यपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

७) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले बर्जु गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

८) "कार्यपालिका" भन्नाले बर्जु गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

९)"गाउँ सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको बर्जु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

१०) "पदाधिकारी" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनुपर्छ।

११) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

१२) "वडा" भन्नाले बर्जु गाउँपालिकाका वडा सम्झनु पर्छ।

१३) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्छ।

१४) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

१५) गाउँपालिकाको शाखा, उपशाखा, र ईकाइ भन्नाले गाउँपालिकाको प्रशासनिक संगठनात्मक स्वरुप अनुरुप स्थापना गरिएका शाखाहरु, उपशाखाहरु र इकाइहरुलाई सम्झनु पर्दछ।

१६) "राजश्व" भन्नाले गाउँपालिकाको कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो वापतको जरिवानालाई जनाउँछ सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ।

१७) "वार्षिक बजेट" भन्नाले गाउँपालिकाको निसर्त, शसर्त, वित्तिय सामानिकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनु पर्दछ।

१८) "बार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शिर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनुपर्छ।

१९) "बेरुजु" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनु पर्दछ।

२०) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ।

२१) "लेखा परीक्षण" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने परीक्षण सम्झनु पर्दछ।

## **परिच्छेद** – २

लेखा समितिको गठन

३. लेखा समितिको गठनः १) गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ गाउँ सभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ ।

क) गाउँ सभाका सदस्यका रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये १ जना संयोजक

ख) गाउँ सभाको सदस्य मध्येबाट दुई जना सदस्य

२) गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुप्मा काम गर्ने छन् । निजको अनुपस्थितिमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा कार्य गर्नेछ ।

३) समितिको वैठकमा समितिका संयोजकले गाउँ कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र गाउँपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

४) समितिको पदावधि गठन भएका मितिले २ वर्ष ६ महिना हुनेछ तर गाउँ सभाले परिवर्तन गर्न आवश्यक नठानेमा समितिले स्वतः निरन्तरता पाउनेछ ।

## परिच्छेद- ३

लेखा समितिको काम, कर्तव्य र अधिकार

४. लेखा समितिको काम, कर्तव्य र अधिकार :

१) नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरि कार्यपालिकालाई राय सुझाव र गाउँ सभा समक्ष प्रतिवेदन पेश गर्नेछ ।

क) कार्यपालिकालाई राय सुझाव दिने विषयहरु

१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा रकम संकलन लक्ष्य बमोजिम चौमासिक प्रगती भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तीका विषयमा आवश्यक सल्लाह सुझाव ।

२) बार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पुरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्बन्धमा ।

३) कार्यपालिकाबाट गाउँपालिकाको राजश्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनु पर्ने भएमा सो सम्बन्धमा सुझाव ।

४) कार्यपालिका कार्यालयमा भए गरेका कार्यमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान ।

५) पेश्की, बेरुजुको अवस्था विश्लेषण गर्दै सोको फर्छ्यौटका लागि आवश्यक रणनीतिक सुझाव प्रदान ।

६) गाउँ कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा गाउँकार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परिक्षण गरि कार्यपालिकालाई सुझाव दिने ।

७) गाउँपालिकाको आन्तरिक लेखा परिक्षकको चौमासिक प्रतिवेदन माथि समिक्षा ।

८) गाउँपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान ।

९) वित्तिय सुशासनका विषयमा कार्यपालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श ।

ख) गाउँसभा समक्ष प्रतिवेदन पेश गर्ने विषयहरु

१) गाउँ सभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरु समेत सभामा पेश गर्नुपर्ने छ ।

२) गाउँसभाबाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।

ग) गाउँपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन भए वा नभएको,

घ) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फर्छ्यौट गर्न आवश्यक काम कारबाही गरे वा गाउँको विषयमा स्पष्टता ल्याउने ।

ङ) वडा कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने र कुन वडा के कारणले को भन्दा पछाडि परेको भन्ने समेत प्रतिवेदन तयार गर्ने ।

च) समितिले कार्यपालिकालाई दिएका सुझावहरु र सोको कार्यान्वयन अवस्थाका बारेमा ।

३) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार गाउँपालिका भित्रका उद्यमी, व्यापारी तथा स्थानीय बुद्धिजिवीलाई आवश्यकताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

४) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात गाउँपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह र सुझाव लिखित र मौखित रुपमा दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५. लेखा समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधा :

१) समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक वस्नेछ ।

२) लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन् ।

३) लेखा समितिले आफ्नो वार्षिक कार्यपालिका बनाई गाउँ सभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

## परिच्छेद- ४

लेखा समितिका आचार संहिताहरु

६. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिताहरु निम्नानुसार रहनेछ ।

१) स्थानीय सरकार सञ्चालन ऐनको मान्यता सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

३) गाउँवासीप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्न नुहने ।

४) गाउँपालिका र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशासन गर्नु वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमुलक कुनै लेख रचना, प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

५) गाउँपालिकाका साधनश्रोत्रको दुरुपयोग गर्न नहुने

६) प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने ।

७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने ।

८) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने ।

९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने ।

१०) विद्यामान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

## परिच्छेद- ५

**विविध**

७. प्रचलित कानून बमोजिम हुने : यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. वाधा अड्काउ फुकाउ : यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँ सभाको निर्णय बमोजिम हुनेछ ।

९) संशोधन तथा खारेजी : यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउँ सभालाई पूर्ण अधिकार हुनेछ ।

आज्ञाले
प्रमोदकुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत